Rupantaran: A Multidisciplinary Journal
Vol. VIII: PP 182-197, February, 2024
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v8i01.65214
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा मानव अधिकार र सूचना, सञ्चार र प्रविधिको समावेशिता

**रामकुमार राई, पिएच डी**[1]
Email*: rkrai132@gmail.com*

**लेखसार**

*प्रस्तुत लेख कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा मानव अधिकार र सूचना, सञ्चार र प्रविधि पक्षको समावेशिता अध्ययनमा केन्द्रित छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७१ अनुरूप २०७३/७४ मा प्रकाशित एवम् माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरूप तयार गरिएका कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा समाविष्ट मानव अधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध पाठलाई अध्ययनीय सामग्रीका रूपमा लिइएको छ । गुणात्मक ढाँचामा व्याख्या, वर्णनात्मक विधिबाट तयार पारिएको प्रस्तुत लेखमा आवश्यकतानुसार तुलनात्मकतालाई पनि आत्मसात् गरिएको छ । यस अध्ययनले माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप २०७३/७४ मा प्रकाशित पाठ्यपुस्तकमा मानव अधिकार र सूचना, सञ्चार र प्रविधि पक्षको समावेशिताका दृष्टिले निकै कमजोर रहेको तर राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरूप तयार गरिएका कक्षा ९ र १० का पाठ्यपुस्तक मानव अधिकार र सूचना, सञ्चार र प्रविधिको समावेशिताको दृष्टिले निकै सन्तुलित रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।*

***शब्दकुञ्जी*** : मानव अधिकार, सूचना, सञ्चार र प्रविधि, समावेशिता

## परिचय

नेपालमा पुस्तक प्रकाशन सम्बन्धी गतिविधि गोपालदत्त पाण्डेको *व्यक्तचन्द्रिका* (वि. सं. १९४०)बाट अगाडि बढेको, त्यसमा जयपृथ्वीबहादुर सिंहको *अक्षराङ्क शिक्षा* (१९५९)ले अग्रगति प्रदान गरेको र २००४ मा

---

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, महेद्ररत्न क्याम्पस, ताहाचलमा नेपाली शिक्षा विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

प्रकाशित आधारशिक्षाले त्यसमा ईँट थप्ने काम गरेको भेटिन्छ। २००७ सालको राजनैतिक परिवर्तनपछिको बदलिँदो परिवेश अनुसार शिक्षा क्षेत्रमा सुधार र विकासका लागि विभिन्न आयोग, समिति, कमिसन गठन हुन थाल्यो (शर्मा, २०६०, पृ. १४)। परिणाम स्वरूप शैक्षिक क्षेत्रको विकासको लागि सरकारको तर्फबाट सबैभन्दा पहिला राष्ट्रिय शिक्षा योजना आयोग २०१० गठन भएको हो, जसलाई नेपालमा शिक्षा -२०११ पनि भनिन्छ। यसले आफ्नो प्रतिवेदनमा सबैको पहुँचमा शिक्षालाई पुऱ्याउने, प्राविधिक, जीवनोपयोगी सिप एवम् रोजगारमूलकका साथै बालअधिकार र कर्तव्य सिकाउने शिक्षा दिनुपर्ने कुरा सिफारिस गरेको छ। त्यसपछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले आधुनिक समय र देश सुहाउँदो शिक्षा पद्धति तयार पार्ने (सराशिप्र,२०१८, पृ. १) कुरामा जोड दियो भने नेपालको शिक्षाको इतिहासमा क्रान्तिकारी कदम मानिएको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८–३२ ले शोषणरहित समाज स्थापना गर्ने पञ्चायती व्यवस्थाको लक्ष्य प्राप्त गर्न आवश्यक वातावरण सिर्जना गर्न सक्ने शिक्षा पद्धति विकसित नभई नहुने (राशिपयो, २०२८, पृ. भूमिका) कुरा बतायो। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ को प्रतिवेदनले माध्यमिक शिक्षा नेपालको आर्थिक विकासका लागि मानवीय संशाधनको मूल आधार हुनुपर्ने, विद्यालयको पाठ्यक्रम वस्तुपरक र स्थानीय वातावरणसँग मेल खाने र विद्यार्थीका लागि जीवनोपयोगी शिक्षा दिने गरी निर्माण गरिनु पर्ने, विज्ञान र प्रविधिको विकासलाई प्राथमिकता दिई सञ्चार माध्यमबाट वातावरण संरक्षणको ज्ञान दिने तथा आधुनिक नेपालको पाठ्यक्रम विद्यार्थीहरूका राष्ट्रिय आकाङ्क्षा र चिन्तनहरू जस्तैः स्वतन्त्रता, समानता, अधिकार, कर्तव्यलाई समेट्ने खालको हुनुपर्ने उल्लेख गरिएको छ। नेपाली भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्देशिका, २०६४ ले वर्तमान शिक्षालाई विज्ञान, सूचना प्रविधि तथा जीवनोपयोगी सिपको र मानव अधिकारको विकास गर्ने खालको पाठ्यक्रम र पाठ्यपुस्तक बनाउनु पर्ने कुरा उल्लेख गरेको छ। त्रिवर्षीय योजना २०६७/०६८–२०६९/०७० ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुरूप प्रतिस्पर्धी एवम् क्षमतावान् जनशक्ति विकास गर्ने दीर्घकालीन सोच लिएर शिक्षा क्षेत्रका उद्देश्य र रणनीति निर्धारण गरिएको, सिपमूलक, माध्यमिक शिक्षा र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गर्न मानव अधिकार संस्कृतिको विकास गरी देशका सबै जनजाति, भाषा, धर्म, संस्कृति, वर्ण, सम्प्रदाय, लिङ्ग र क्षेत्रका नागरिकाको मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्धन गरी समानता र न्यायपूर्ण समाजको (नेपाल सरकार, २०६८, पृ. २९५) निर्माणको सुनिश्चितताका लागि राष्ट्रिय र स्थानीय तहका कार्यक्रम तर्जुमा गरेको प्रस्ट्याएको छ।

यस प्रकार नेपालमा समयानुकूल रूपमा शिक्षा सुधार र विकासका लागि विभिन्न समयमा गठित समिति, कमिसन र शिक्षा आयोगका दस्तावेजहरुले पाठ्यपुस्तकमा अधिकार वा मानवाधिकारसम्बन्धी पाठ्य सामग्रीहरूको समाविष्टता आवश्यक रहेको औँल्याएको पाइन्छ। २००७ सालको राजनैतिक परिवर्तनपछि वा २०१० सालमा गठित राष्ट्रिय शिक्षा योजना आयोगदेखि लिएर नेपालमा विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ आएको र उक्त पाठ्यक्रम प्रारूप अनुसार विद्यालय स्तरको पाठ्यपुस्तक निर्माण भई व्यवहारमा आएको र उक्त पाठ्यपुस्तकलाई विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को आधारभूत मान्यतालाई आत्मसात् गरी बनेको पाठ्यपुस्तकले विस्थापित गरेको हो। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरूप विद्यालय

स्तरको पाठ्यपुस्तकहरू प्रकाशन हुन थालेपछि पनि निकैवटा वर्षहरू बितिसकेका छन् । यस स्थितिमा हाम्रा माध्यमिक विद्यालयीय तह कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा अधिकार वा मानवाधिकार सम्बद्ध पाठ्य सामग्रीले के-कस्तो स्थान पाएका छन् भन्ने विषय नै प्रस्तुत लेखको अध्ययनीय पक्ष रहेको छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७१ अनुरूप २०७३/७४ मा प्रकाशित एवम् माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानी तयार गरिएका कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकलाई अध्ययनीय सामग्रीका रूपमा लिइएको छ ।

***समस्याकथन***

पृथ्वीमा जन्मिएका कुनै पनि मानिसले मानिस भएर बाँच्नको लागि चाहिने न्यूनतम अधिकारलाई मानव अधिकार भनिन्छ अर्थात् मानव भएको नाताले स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । मानव अधिकारलाई बुझाउन धेरै शब्दावलीको प्रयोग गर्ने गरिन्छ । जस्तै; प्राकृतिक अधिकार, कानुनी अधिकार, मौलिक अधिकार, नैसर्गिक अधिकार आदि (लुइटेल, २०७१/७२, पृ. २५२) । मानव अधिकार अन्तर्गत, खान, लगाउन, बस्न, स्वतन्त्र रूपमा बोल्न, हिड्न, पढ्न, विचार राख्न, स्वतन्त्रता र सुरक्षा, न्याय, धर्म, सूचना, स्वास्थ्य, समानता, शिक्षा, गोपनीयताको हक आदि पर्दछन् ।

वर्तमान विश्वको सबैभन्दा चासो र चिन्ताको विषय बनेको मानव अधिकारको इतिहास मानव सभ्यता जतिकै पुरानो छ । विश्वका मानिसहरूमाथि कुनै पनि भेदभाव नराखी सबैको हक संरक्षण गर्न तथा विश्वशान्ति स्थापना गर्ने उद्देश्यले सन् १९४५ अक्टोर २४ मा संयुक्त राष्ट्रसङ्घ स्थापना भयो । यसको सन् १९४८, डिसेम्बर १० मा फ्रान्सको राजधानी पेरिसमा बसेको महासभाले मानव अधिकारको विश्वाव्यापी घोषण पत्र जारी गऱ्यो र त्यो घोषण पत्रको ३० वटा धाराहरमा स्वतन्त्रता, समानता, छुवाछुत तथा जातीय विभेद, श्रम, सामाजिक न्याय, संवैधानिक उपचार, शिक्षा र संस्कृति, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी आदि हकहरुको व्यवस्था गरेको छ । कुनै पनि जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा राष्ट्रियता, सामाजिक उत्पत्ति वा अन्य कुनै पनि मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक बाँच्न दिने मानव अधिकारको घोषणापत्रमा व्यवस्था गरेको छ ।

मानव अधिकार सम्बन्धी यही घोषणापत्रको आधारमा मानवका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक तथा महिला, बालबालिका, अपाङ्ग, जनजाति, दलित लगायतका विशेष अधिकारहरुका संरक्षण गर्ने सन्दर्भमा अहिलेसम्ममा अन्तर्राष्ट्रिय स्तरमा अनेकौं कानुनी संयन्त्रहरूका रूपमा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (सन् १९६६), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (सन् १९६६), बालअधिकारसम्बन्धी महासन्धि (सन् १९८९) लगायतका अनेकौं कानुनी संयन्त्रहरू निर्माण भएका छन् ।

नेपालले पनि मानव अधिकारको पक्ष राष्ट्रको रूपमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र अन्तर्राष्ट्रिय महासन्धि अनि प्रतिज्ञा पत्रहरूमा हस्ताक्षर गरेको छ । त्यस्तै शिक्षालाई देशको मूल कानुन मानिने संविधानमा मौलिक अधिकारको रूपमा परिभाषित गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक अधिकारको धारा १७, भाग ४, धारा ३३ एवम् धारा ३५ मा राज्यका नीति अन्तर्गत शिक्षालाई मौलिक हक अन्तर्गत समेटेको छ। यसरी संविधानको मौलिक हकभित्र समेटेर राज्यले शिक्षालाई मानव अधिकारको रूपमा प्रस्तुत गरेको छ (लुइटेल, २०७१/७२, पृ. २५२) । यस्तै माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९–१०) २०७१ ले राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने (पृ. ३) शिक्षाको राष्ट्रिय उद्देश्य निर्धारण गरेको छ। यस पृष्ठभूमिमा कक्षा ९ र १० को नेपाली भाषाका पाठ्यपुस्तकमा मानव अधिकार सम्बद्ध विषयवस्तुको समावेशिताको स्थिति नै यस अध्ययनको मूल समस्या रहेको छ।

विज्ञानले प्रविधिमा गरेको नवीनतम आविष्कार एवम् ज्ञानको क्षेत्रमा गरेको विष्फोटक विकास स्वरुप प्रत्येक क्षण ज्ञानको संसारमा नयाँ नयाँ आयामहरू थपिंदै आइरहेको छ। यसले गर्दा प्रत्येक व्यक्तिले आफ्नो अस्तित्व कायम गर्न समयानुकूल रूपमा आफूलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता चुनौतीको रूपमा देखा परेको छ। सूचना, सञ्चार र प्रविधिमा आधारित समाज निर्माण गर्ने चुनौती नेपालको सामु खडा भएको छ।

वर्तमान युग सूचना, सञ्चार र प्रविधिको हो। समय अनुकूल सूचना, सञ्चार र प्रविधिको विकास, प्रयोग तथा उपयोगमा अगाडि रहेका मुलुकहरू सामाजिक, आर्थिक, शैक्षिक लगायतका उन्नति, प्रगति र विकासमा सूचना, सञ्चार र प्रविधिको प्रयोग नगर्ने मुलुकहरूको तुलनामा निकै अगाडि बढेको स्पष्ट देखिन्छ। यसले नेपाललाई पनि सूचना, सञ्चार र प्रविधिको प्रयोगमा देखा परेको अन्तरलाई कम गर्न ठुलो दबाव पर्न आएको छ र त्यसलाई कम गर्ने प्रयासमा अग्रसर भएको छ।

शिक्षा तथा सूचना, सञ्चार र प्रविधिबिच अन्योन्याश्रित सम्बन्ध छ। शिक्षामा सूचना, सञ्चार र प्रविधिको उपयोगबाट शैक्षिक अवसरको विस्तारको साथै शैक्षिक गुणस्तर सुरक्षित गर्ने, सिकाइलाई प्रभावकारी र दीगो बनाउने तथा नवीनतम ज्ञानको संसारमा सहज प्रवेश गराउन सकिन्छ भने शिक्षाको माध्यमबाट सूचना, सञ्चार र प्रविधिसम्मको पहुँच सुनिश्चित गर्न सकिन्छ (लुइटेल, २०७१/७२, पृ. ३१०) । साथै सूचना, सञ्चार र प्रविधिको प्रयोगबाट शैक्षिक व्यवस्थापन र मूल्याङ्कन पद्धतिमा सुधार ल्याउन एवम् शैक्षिक सुशासनको प्रत्याभूति गर्न सकिन्छ । यसरी मानव जीवन र शिक्षण क्रियाकलापको अभिन्न साधन बनेको आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसलाई प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्न (नेपाल सरकार, २०७१, पृ. ३) कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा सो सम्बन्धी के कस्ता विषयवस्तु समावेश गरिएका छन् ? भन्ने विषय नै प्रस्तुत लेखको अर्को प्रमुख समस्या हो।

### *उद्देश्य*

नेपालमा सुरुमा मानव अधिकार सम्बद्ध विषय वस्तुले नागरिकको स्वतन्त्रता, समानता, अधिकार र कर्तव्यको पालनाको गर्नुपर्ने विषयको रूपमा प्रवेश गरेको थियो र विद्यालयीय पाठ्यक्रम र पाठ्यपुस्तकमा पनि सोही अनुसार स्थान दिनुपर्छ भन्ने मान्यताबाट अगाडि बढेको हो भने सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीको समावेशिताको चर्चा पछिल्लो चरणमा आएर मात्र प्रारम्भ भएको हो । नीतिगत रूपमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५ ले सर्वप्रथम 'आउँदो नयाँ शताब्दी आर्थिक विकासमा प्रतिस्पर्धा तथा प्रजातान्त्रिक मूल्य मान्यता, मानव अधिकार, लैङ्गिक समानता, बाल अधिकार पर्यावरण संरक्षण र सूचना प्रवाहको सर्वव्यापकताको युग हुने' र त्यसको समुचित सम्बोधन सही शिक्षा प्रणालीले मात्र गर्नसक्ने अनि त्यसको लागि मानव अधिकार र सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीको समावेशिता आवश्यक रहने कुराको सङ्केत गरेको भेटिन्छ । त्यसपछि नेपाली भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्देशिका (२०६४) ले विद्यालयीय पाठ्यक्रम र पाठ्य पुस्तकमा मानव अधिकार तथा विज्ञान, सूचना र प्रविधि जस्ता विषय वस्तुलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने, त्रिवर्षीय योजनाको आधारपत्र (२०६७/०६८–२०६९/०७०) ले मानव अधिकार तथा सूचना, सञ्चार र प्रविधि मैत्री बनाउनु पर्ने उल्लेख गरेको र राष्ट्रिय शिक्षा नीति (२०७६) ले शिक्षाले नै व्यक्तिको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले मानव अधिकार तथा सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीको समावेशिता अनिवार्य भएको औल्याएको सन्दर्भमा कक्षा ९ र १० का विवेच्य पाठ्यपुस्तकमा मानव अधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध पाठ्य सामग्रीको समावेशिताको स्थितिको अध्ययन नै प्रस्तुत लेखको मूल उद्देश्य रहेको छ ।

### *पूर्वकार्य समीक्षा*

माध्यमिक शिक्षा पाठ्यक्रम, २०३८ ले शिक्षाको राष्ट्रिय उद्देश्य अन्तर्गत राष्ट्र र राष्ट्रियताप्रति बफादार रही ... प्रजातान्त्रिक व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने (पाविके, २०३८, पृ. १)भन्ने उल्लेख गरेको छ ।

नेपालमा विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, र मानव अधिकारप्रति सम्मान गर्ने (नेपाल सरकार, २०६३, पृ. २५) तथा सञ्चार तथा सूचना प्रविधिले बृहत् रूपमा आमसञ्चारका क्षेत्रहरू ओगटिसकेकालेसोसम्बन्धी दक्ष नागरिक तयार गर्ने शिक्षाका राष्ट्रिय उद्देश्य रहनु पर्ने उल्लेख गरेको छ ।

पाठ्यक्रम विकास केन्द्रले गरेको कक्षा ९ र १० का पाठ्यपुस्तकको समावेशी पक्षको अध्ययन २०६७ ले हाम्रा पाठ्यपुस्तक लैङ्गिक, भाषिक, जातीय, सांस्कृतिक, भौगोलिक क्षेत्रीय, बालअधिकार, अपाङ्गता आदिको दृष्टिले समावेशी हुनु आवश्यक (नेपाल सरकार, २०६७, पृ. १) रहेको उल्लेख गर्दै अधिकार (मानव अधिकार, महिला

अधिकार, बालअधिकार, तेस्रो लिङ्गी) (नेपाल सरकार, २०६७, पृ. २) एवम् सूचना, सञ्चार तथा प्रविधि र जीवनोपयोगी सिपलाई पाठ्यपुस्तक अध्ययन/विश्लेषणको एउटा आधारको रूपमा लिएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७१ ले माध्यमिक शिक्षाले शान्ति, मानव अधिकार, दीगो विकास, पर्यावरणीय सन्तुलन र द्वन्द्व तथा विपद् व्यवस्थापनप्रति सचेत र जिम्मेवार नागरिकको रूपमा परिचित (नेपाल सरकार, २०७१, पृ. १) एवम् आधुनिक सूचना र प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्नुपर्ने उद्देश्य राखेको छ ।

राम कुमार राई (२०७९)ले कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा समावेशिता शीर्षकमा विद्यावारिधि तहको अध्ययन गरेको भेटिन्छ । माध्यमिक शिक्षाको पाठ्यक्रम प्रारूप २०६३ लाई आधार मानी २०६३/०६४ मा प्रकाशित कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक, अपाङ्गता आदि पक्षको समावेशिता अध्ययन गरिएको छ । गुणात्मक ढाँचामा वर्णनात्मक विधिबाट गरिएको उक्त अध्ययनले विवेच्य पाठ्यपुस्तक निर्धारित प्रतिमानका दृष्टिले असमावेशी रहेको निष्कर्ष प्रस्तुत गरेको छ ।

### *अध्ययनको परिसीमा*

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०), २०७१ लाई आधार मानी २०७३÷७४ मा प्रकाशित एवम् माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानी २०७९/२०८० तयार प्रकाशित कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा मूल पाठ्यसामग्री र अभ्यास खण्डमा थप सामग्रीका रूपमा समावेश गरिएका अनुच्छेदहरूमा  मानव अधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध पक्षको समावेशिताको अध्ययनमा मात्र प्रस्तुत लेखलाई परिसीमित गरिएको छ । गुणात्मक ढाँचा र व्याख्या वर्णनात्मक विधिमा सीमित गरिँदा आवश्यकता अनुसार तुलनात्मक पाटोलाई पनि आत्मसात् गरिएको छ ।

### **विधि र सामग्री**

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७१ लाई मूल आधार मानी २०७३/७४ मा प्रकाशित एवम् माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्ग दर्शनलाई मूल आधार मानी २०७९/२०८० मा तयार गरिएका कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा समावेश भएका मूल पाठ्य सामग्री र अभ्यास खण्डमा उद्देश्यमूलक रूपमा समावेश गरिएका मानव अधिकार सम्बद्ध अनुच्छेदहरूलाई मानव अधिकार तथा सूचना, सञ्चार र प्रविधि सम्बद्ध पाठ्यवस्तुको समावेशिताको दृष्टिबाट गरिने अध्ययन नै प्रस्तुत अध्ययनको अध्ययनीय विधि हो र यो विशेषतया गुणात्मक, वर्णनात्मक–तुलनात्मक विधिमा आधारित छ । उल्लिखित पाठ्य पुस्तकमा समाविष्ट मानवाधिकार सम्बद्ध सामग्रीहरुलाई प्राथमिक सामग्री मानेर त्यसलाई मानव अधिकार सम्बद्ध पाठ्य सामग्रीको

समावेशिताको दृष्टिबाट व्याख्या वर्णन गरिएको छ । सो क्रममा आवश्यकता अनुसार कक्षागत रूपमा तुलना गर्ने काम पनि गरिएको छ । अध्ययनको सैद्धान्तिक आधारको निर्माण एवम् प्राथमिक सामग्रीको व्याख्या वर्णनको क्रममा त्यसको पुष्ट्याइँको लागि आवश्यक अन्य सामग्रीहरु माध्यमिक वा पुस्तकालयीय स्रोतहरूबाट सङ्कलन गरिएको छ भने व्याख्या वर्णनको क्रममा आवश्यकता अनुसार तुलनात्मक पद्धति पनि आत्मसात् गरिएको छ ।

**परिणाम र छलफल**

***मानव अधिकार सम्बन्धी पाठ्यवस्तुको विश्लेषण***

मानव भएको नाताले उपयोग गर्न पाउने अधिकार मानव अधिकार हो । यसलाई जन्मसिद्ध अधिकार पनि भनिन्छ । मान्छे भएर जन्मेपछि खान, बस्न, लगाउन, स्वतन्त्र रूपमा बोल्न, हिँडडुल गर्न, विचार अभिव्यक्त गर्न, पढ्न, लेख्न, व्यवसाय गर्न पाउने अधिकार मानव अधिकार अन्तर्गत पर्दछन् । मानव अधिकारको अवस्थालाई पूर्ण रूपमा सुनिश्चित गर्ने अभिप्रायले संयुक्त राष्ट्रसङ्घले सन् १९४८ मा मानव अधिकार सम्बन्धी घोषणपत्र जारी गरेको हो (लुइटेल, २०७१/७२, पृ. ५२) । नेपालका विभिन्न संविधानहरूले मानव अधिकारलाई मौलिक हक अन्तर्गत राखेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ भाग तिन, मौलिक हकअन्तर्गत धारा १२ देखि ३२ सम्म (२१ धारा)-ले स्वतन्त्रता, शिक्षा, समानता तथा धर्म, न्याय, सामाजिक न्याय, महिला, सूचना, बालबालिकाको हक आदि मानव अधिकारलाई समेटेको छ (पृ. ४–९) । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक संवैधानिक अङ्गको रूपमा संविधानको भाग १५, धारा १३१ मा समावेश गर्दै सो सम्बन्धी कानुनको व्यवस्था गरेको छ । नागरिकहरूको हक अधिकारको संरक्षण र सम्बर्धन गर्न नेपाल सरकारले त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्य योजना (नेपाल सरकार, २०६८, पृ. २९५) नै तर्जुमा गरेको छ । नेपाल सरकार २०६३ ले शिक्षाको राष्ट्रिय उद्देश्य अन्तर्गत 'राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने (पृ. ३४) नागरिक तयार पार्ने उल्लेख गरेको छ । नेपाल सङ्घीय लोकतान्त्रिक राज्य हो (नेपाल सरकार, २०६३, पृ. २) । अतः लोकतन्त्र र मानव अधिकार एक अर्काका पर्याय मानिन्छन् र लोकतन्त्रविना मानव अधिकार सम्भव हुँदैन र मानव अधिकारविना लोकतन्त्र रहँदैन भन्ने मूलमर्म शिक्षाले समेटेको छ । यसरी मानव अधिकारले मानिसको स्वतन्त्रता र अस्तित्वको रक्षा गर्दछ (लुइटेल, २०७१/७२, पृ. २५२) । यस प्रकार शिक्षाले मानव अधिकारको पालना र उपयोग गर्न मद्दत गर्दछ । मानव अधिकारको अवधारणाहरू सबै व्यक्ति कहाँ पुऱ्याउन र त्यसको पालन गराउने कार्यमा पनि शिक्षाले सहयोग गर्दछ । त्यसैले आधुनिक शिक्षा पूर्णरूपमा मानव अधिकारमा आधारित हुन्छ भन्ने मान्यता छ । यिनै धारणाहरूका आधारमा विद्यालय तहका पाठ्यक्रम र पाठ्यपुस्तकमा पनि मानव अधिकारको बारेमा शिक्षा प्रदान गर्नु पर्दछ भन्ने मान्यता मानव अधिकारवादीहरूको छ । कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तकमा मानव अधिकार सम्बन्धी विषयवस्तुको समावेशिताको अध्ययन गर्ने कार्य यहाँ गरिएको छ ।

**मानव अधिकार सम्बन्धी पाठ :** कक्षा ९ र १० का नेपाली पाठ्यपुस्तक २०७३/७४ मा मानव अधिकार सम्बन्धी विषयवस्तुले मूलपाठको रूपमा स्थान पाएको छैन न त अन्य कुनै अनुच्छेदमा नै समावेश गरिएको छ। कक्षा १० को नेपाली पाठ्यपुस्तकको प्रत्यागमन पाठको अभ्यास खण्डमा पढाइ सिप विकासका लागि दिइएको अनुच्छेदमा मानव अधिकारसम्बन्धी भन्न मिल्ने एउटा प्रसङ्ग 'गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी हाम्रा मौलिक अधिकार हुनुपर्ने हो तर आज पनि हामी भोकमरीको समस्याबाट माथि उठ्न सकेका छैनौँ' (पृ. ६५) भन्ने प्रसङ्ग आएको छ।

त्यस्तै; कक्षा ९ को किताबमा 'छात्राबास' पाठको अभ्यास खण्डमा बालअधिकारसम्बन्धी एउटा विज्ञापन दिएको छ, जसको संरचना यस्तो छ :

बाल अधिकार सबैको सरोकार

– बालबालिकाका हकहितका लागि सधैँ क्रियाशील बनौँ।

– बालअधिकार संरक्षणका लागि सहयोग र सहकार्य गरौँ।

– बालअधिकारका कुरा सुनौँ र बाल दुर्व्यवहारको अन्त्य गरौँ।

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय।

*तालिका क्रम १*: कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०७९/८० लाई मानव अधिकार सम्बन्धी विषयवस्तुको समावेशिताको दृष्टिले नियाल्दा निवेदन पाठको अभ्यास खण्डमा लेखाइ सिप विकासका लागि दिइएको अनुच्छेदमा मानव अधिकार शब्द समावेश भएको एउटा बधाई पत्रको नमुना तयार गर्ने (पृ. ४२) कार्य दिइएको छ। उक्त पत्रको नमुना निम्नानुसार रहेको छ:

श्री सन्देश प्रजापतिज्यू

जनता माध्यमिक विद्यालय।

बधाई ज्ञापन

राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित प्रदेशस्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गरी विद्यालयको गरिमा बढाउनुका साथै नौ कक्षाका विद्यार्थीको गौरवसमेत बढाउनुभएको हुँदा हामी यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौँ।

नौ कक्षाका सम्पूर्ण विद्यार्थी

***तालिका क्रम २:*** कक्षा १० को नेपाली भाषाको पाठ्यपुस्तक २०७९/८० मा मानव अधिकारसम्बन्धी विषयवस्तुले अधिकार ठुलो कि कर्तव्य ठुलो ? शीर्षकमा मूलपाठको रूपमा स्थान पाएको छ । वादविवादको रूपमा आएको विवेच्य पाठले मानव अधिकारलाई विस्तारित रूपमा प्रस्तुत गरेको छ । यसमा 'कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य, न्यायोचित दावी, स्वत्व वा हकलाई अधिकार भनिन्छ (पृ. ७१) भनी मानव अधिकारलाई परिचित गराइएको छ । यसमा अझ जोड दिँदै भनिएको छ 'वास्तवमा मान्छेले प्राप्त गर्नुपर्ने नैसर्गिक हक नै मानव जातिले प्राप्त गर्नुपर्ने अधिकार हुन्' (पृ. ७१) । पाठले मानिसको स्वतन्त्रता र न्यायसँग अधिकारको अन्योन्याश्रित सम्बन्ध रहेको र समाजका प्रत्येक वर्ग र समुदायका मान्छेले न्यायको अनुभव गर्न समान अधिकार पाउनु पर्ने उल्लेख गर्दै मानिसको लागि मानव अधिकार ज्यादै महŒवपूर्ण भएकैले त्यसको प्राप्ति र स्वतन्त्रताको लागि नेल्सन मन्डेलाले २७ बर्से कठोर जेल जीवन बिताएको, हाम्रो देशमा जनताले पटक पटक क्रान्ति गरेको, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र गङ्गालाल श्रेष्ठको आत्म बलिदान गरेको, स्वतन्त्रता र अधिकारका लागि २००७, २०४५/४६ एवम् २०६२/६३ मा भएका सङ्घर्षका प्रसङ्ग पनि पाठमा आएको छ ।

अधिकारको बालअधिकार, श्रमिक अधिकार, महिला अधिकार जस्ता व्यापक क्षेत्र भएको र यसको सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको मानव अधिकार र बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा प्रष्ट उल्लेख भएको, सो सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि परिभाषित गरेको कुरा आएको छ । यस प्रकार अधिकार अनिवार्य भएकै कारण संसारका हरेक लोकतान्त्रिक देशले आफ्नो संविधानमा महत्वका स्थान दिएको चर्चा पाठमा आएको छ । नेपालको संविधानमा पनि नागरिकको अधिकारलाई मौलिक हकको रूपमा स्थान दिइएको छ । नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले विना भेदभाव प्रयोग गर्न पाउन भन्ने उद्देश्यले नेपालको संविधान २०७२ को भाग ३ का धारा १६ देखि ४७ सम्म ३२ वटा धारामा मौलिक हकको व्यवस्था गरिएको (पृ. ७७) कुरा पाठमा आएको छ । ती ३२ ओटा मौलिक हकमध्ये अपराध पीडितको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक र उपभोक्ताको हक चारओटा चाहिँ पहिलो पटक व्यवस्था गरिएका हुन् । त्यस्तै व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त आवश्यक रहेको, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्ने, अधिकारको लडाइँले मुलुकलाई समृद्ध बनाउने कुरा प्रस्तुत गर्दै दासत्व अन्त्य गर्ने र अधिकार प्राप्त गर्ने अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लडाइँले अमेरिकालाई बलियो (पृ. ७७) र रङ्गभेद विरुद्धको सङ्घर्षले दक्षिण अफ्रिकालाई रङ्गभेदमुक्त बनाएको प्रसङ्ग पाठले प्रस्तुत गरेको छ ।

यसरी विवेच्य पाठमा छोटकरी रूपमै भए पनि मानव अधिकारको परिचय, मानव जीवनमा अधिकारको सम्बन्ध, महत्त्व र आवश्यकता, मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घ वा अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि एवम् विश्वव्यापी घोषणापत्रले गरेका व्यवस्थाहरू, मानव अधिकार प्राप्तिका लागि संसारमा भएका महत्त्वपूर्ण सङ्घर्षहरू, मानव अधिकारका क्षेत्रहरू, मानव अधिकारले मानव समाजमा ल्याएको परिवर्तन तथा नेपालको संविधानमा रहेका मानव अधिकारसम्बन्धी व्यवस्थाहरुका बारेमा पाठले राम्रैसँग दृष्टि पुऱ्याएको छ ।

## *सूचना, सञ्चार र प्रविधि सम्बन्धी पाठ्यवस्तुको विश्लेषण*

विज्ञानले प्रविधिको क्षेत्रमा गरेको नवीनतम आविष्कार एवम् ज्ञानको क्षेत्रमा गरेको विष्फोटक विकास स्वरूप प्रत्येक क्षण ज्ञानको संसारमा नयाँ नयाँ आयामहरू थपिंदै आइरहेको छ । यसले गर्दा प्रत्येक व्यक्तिले आफ्नो अस्तित्व कायम गर्न समयानुकूल रूपमा आफूलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ । विज्ञान र प्रविधि वा सूचना, सञ्चार र प्रविधिमा आधारित समाज निर्माण गर्ने चुनौती नेपालको सामु खडा भएको छ ।

वर्तमान युग सूचना, सञ्चार र प्रविधिको युग हो । शिक्षा तथा सूचना, सञ्चार र प्रविधिबिच अन्योन्याश्रित सम्बन्ध छ । शिक्षामा सूचना, सञ्चार र प्रविधिको उपयोगबाट शैक्षिक अवसरको विस्तारको साथै शैक्षिक गुणस्तर सुरक्षित गर्ने, सिकाइलाई प्रभावकारी  र दीगो बनाउने तथा नवीनतम ज्ञानको संसारमा सहज प्रवेश गराउन सकिन्छ भने शिक्षाको माध्यमबाट सूचना, सञ्चार र प्रविधिसम्मको पहुँच सुनिश्चित गर्न सकिन्छ (लुइटेल, २०७१/७२, पृ. ३१०) । साथै सूचना, सञ्चार र प्रविधिको प्रयोगबाट शैक्षिक व्यवस्थापन र मूल्याङ्कन पद्धतिमा सुधार ल्याउन एवम् शैक्षिक सुशासनको प्रत्याभूति गर्न सकिन्छ । यसरी मानव जीवन र शिक्षण क्रियाकलापको अभिन्न साधन बनेको आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसलाई प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो  दक्ष जनशक्ति तयार गर्न (नेपाल सरकार, २०७१, पृ. ३) कक्षा ९ र १० का  नेपाली पुस्तकमा सो सम्बन्धी के कस्ता विषयवस्तु समावेश गरिएका छन् ? सोको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

कक्षा १० :

पाठ एक : कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७३/७४) मा मूलपाठको रूपमा मात्र होइन अनुच्छेदको रूपमा पनि सूचना र सञ्चार सम्बद्ध पाठ्यवस्तुको समावेशिता शून्य छ भने प्रविधिसम्बन्धी सामग्रीको समावेशिता नरहेको स्पष्ट छ । यसमा ‘सन्दुक रुइत’ पाठको अभ्यास खण्डमा तानाशर्मा लिखित साँपेको साँघु तर्नुअघि अनुच्छेद (पृ. २३) मा वर्णित ‘बुढी गङ्गा’ को झोलुङ्गे पुललाई प्रविधिको प्रयोगको रूपमा लिनु बाहेक अन्य सामग्रीको समावेशिता शून्य छ ।

पाठ एक : कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७९/८०) मा अनुच्छेदको रूपमा यस्तो कहिल्यै नहोस् (पृ. २९) पाठको अभ्यास खण्डमा ‘दिइएको अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर’ (पृ. ४७)  लेखाउने प्रश्नोत्तर कार्यकलापको लागि एउटा प्रविधि सम्बद्ध अनुच्छेद समावेश गरिएको छ । यो अनुच्छेद प्रविधिको प्रयोगले शिक्षण सिकाइ प्रणालीलाई सरल, प्रायोगिक र मनोरञ्जक बनाउने विषयसँग सम्बन्धित छ । प्रविधिले कक्षाकोठाको शिक्षण सिकाइलाई सहज र चाखलाग्दो, अनुसन्धान र खोजमूलक, एवम् परियोजना कार्यलाई सहज बनाउने सन्दर्भ पाठमा आएको छ । यो पाठ पाठ्यक्रम विकास केन्द्रले विकसित गरेको पाठ्यपुस्तकका एप्स र पाठ्यपुस्तकका पिडिएफ लिङ्कसँग सम्बन्धित छ । उक्त एप्स र पिडिएफको प्रयोगले किताबकापीको ठुलो झोलाको सट्टा एउटा ल्यापटप भए पुग्ने (पृ. ४७), शिक्षण सम्बद्ध कार्य शिक्षकले इमेल मार्फत् दिने र त्यो कार्य सम्पन्न गरी विद्यार्थीले पनि इमेलबाटै

बुझाउने, यस्तो कार्यको लागि कम्प्युटर, ल्यापटप र मोबाइल विद्यार्थीको लागि अनिवार्य साधन बन्ने चर्चा पाठमा आएको छ । यस्तो प्रविधिलाई शिक्षणसँग जोड्दा विद्यार्थीमा रुचि बढेको र सिकाइ खोजमूलक बन्दै गएको, एउटा मोबाइलबाटै सम्पूर्ण पाठ्यपुस्तकको आवश्यकता पूर्ति हुने र मन लागेको जुनसुकै समयमा पनि त्यसको प्रयोग गर्न सकिने हुँदा हाम्रो शिक्षण कार्यकलापलाई प्रविधिमैत्री बनाउनु पर्ने धारणा पाठमा आएको छ ।

पाठ दुई : कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७९/८०) मा सूचना, सञ्चार र प्रविधियुक्त भन्न सकिने मेरो देशको शिक्षा शीर्षकको पाठ समाविष्ट छ । प्रस्तुत पाठ सूचना, सञ्चार र प्रविधिको परिचयमूलकभन्दा पनि युगानुकूल शिक्षण सिकाइमा सूचना, सञ्चार र प्रविधिको प्रयोग आवश्यक रहेको सन्दर्भसँग सम्बन्धित छ । पाठमा प्राचीन ऋषिमुनिले अनकौं सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिंजाएर र देशको शिक्षालाई आलोकित गरे (पृ. ११५) को तर अब विज्ञान र सूचना प्रविधि लगायत युगानुकूल नवीय प्रयोग र मान्यतानुसार शिक्षालाई प्रविधियुक्त बनाउनु पर्ने धारणा पाठले अगाडि सारेको छ । अब शिक्षाले वर्तमानको चुनौतीको सामना गर्न विज्ञान र प्रविधिसँग हातेमालो गर्दै सिपले सुसम्पन्न नागरिक तयार गर्न समय सापेक्ष व्यावहारिक र जीवनोपयोगी सिप दिनुपर्ने अर्थात् शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता (पृ. ११६) रहेको सन्दर्भ पाठले औंल्याएको छ ।

शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको (पृ. ११७) भए पनि हाम्रो देशमा विज्ञान र प्रविधिमैत्री शिक्षाको पहुँच नभएको, परिवर्तित युगलाई आत्मसात् गर्न सूचना र प्रविधियुक्त ज्ञान प्राप्त नागरिकको आवश्यकता पर्दछ तर हाम्रोमा त्यही कुराको अभाव रहेको कुरा पाठले औंल्याएको छ । मोबाइल एप्सबाटै गाडी रोक्न, चढ्न, भाडा तिर्न, जहाज, रेल, बस आदिको टिकट काट्न तथा अनलाइनबाटै बैंकिङ कारोबार, सरसामानको खरिद बिक्री, व्यापार, व्यवसाय, विज्ञापन जस्ता सम्पूर्ण कार्यहरु गर्न सकिने वर्तमानमा यस प्रकारका सिपयुक्त नागरिक तयार गर्न सूचना, सञ्चार र प्रविधिमैत्री शिक्षाले मात्र सम्भव तुल्याउने कुरा पाठमा आएको छ । विद्युतीय माध्यमबाट चिठी पत्रको आदानप्रदान गर्न सकिने तथा इन्टरनेट नै सांसारिक सूचनाको अजश्रस्रोत भएकोले त्यसको उचित प्रयोग गर्दै त्यसलाई युगीन आवश्यकता र आविष्कारसँग जोड्न सक्षम व्यक्ति तयार गर्न विद्यार्थी सूचना र प्रविधिसँग पूर्ण परिचित र पोख्त हुनुपर्ने धारणा पाठको छ ।

यसरी हिजो भोजपत्र, धुलौटे पाटी, खरी, चक, डस्टर र मार्कर युगबाट गुज्रेको (पृ. ११९) नेपालको शिक्षालाई सूचना र प्रविधिले युगानुकूल परिवर्तन गर्दै सूचना र प्रविधिको युगमा प्रवेश गराएको सन्दर्भ पाठमा आएको छ । यस प्रकार पाठ्यपुस्तकमा सूचना, सञ्चार र प्रविधिको समावेशिता अत्यावश्यक रहेको र सोही अनुसार पाठ्यपुस्तकमा स्थान पाएको पुष्टि हुन्छ ।

पाठ तीन कक्षा: १० को व्यावसायिक चिठी पाठको अभ्यास खण्डमा दिइएको इमेल लेखनको तरिका पढेर समूहमा छलफल गराउने उद्देश्यले एउटा अनुच्छेद दिइएको छ । अनुच्छेदमा इमेलको सामान्य परिचय, इमेल लेखनको

संरचना, स्वरुप तथा इमेलको बारेमा आवश्यक जानकारी दिने हेडर भागका फ्रम (लाई), टु (लाई), सिसी (कार्बन कपी), बिसिसी (ब्लाइन्ड कार्बनकपी) र सब्जेक्ट (विषय) तथा बडी (मुख्य भाग) र अट्याचमेन्ट) का बारेमा प्रकाश पारिएको छ । यसरी छोटो अनुच्छेदमा वर्तमान युगको सूचना, सञ्चार र प्रविधिको अत्याधुनिकता सम्बद्ध विषयवस्तु समाविष्ट छ ।

पाठ चार : कक्षा १० को परिशिष्ट भागमा इन्टरनेट बजार शीर्षकमा एउटा अनुच्छेद समाविष्ट छ । इन्टरनेट बजारलाई विद्युतीय उपकरणबाट गरिने व्यवसाय (पृ. २४०–२४१)-को रूपमा परिचित गराउँदै यसको मूल आधार इन्टरनेट भएको, विद्युतीय उपकरण, प्रविधि र सञ्जालका माध्यमबाट बजार व्यवस्थापन गरिने, यो व्यवसाय सञ्चालन र विस्तारको भरपर्दो माध्यम रहेको, यसमा इन्टरनेटले कम्प्युटरबाट विश्वव्यापी सञ्जाल वा नेटवर्क स्थापना गरी क्रेता र बिक्रेता वा आपूर्तिकर्ता, मध्यस्थकर्ता, ग्राहक र प्रतिस्पर्धीबिच वस्तु खरिद बिक्री गर्न प्रत्यक्ष सम्पर्क स्थापित हुने कुरा प्रस्तुत भएको छ । इन्टरनेट व्यवसायमा कम्प्युटर प्रविधिको प्रयोगबाट विज्ञापन गर्ने, उत्पादनको वृद्धि र बजार व्यवस्थापन गर्न सूचनाको आदानप्रदान, उत्पादनको माग, वस्तुको बुकिङ, उपयुक्त स्थानसम्म वस्तु र सेवाको प्रवाहको व्यवस्था इन्टरनेटको माध्यमबाट सहज रूपमा गर्न सकिने विषय पाठमा आएको छ । समग्रमा, इन्टरनेट प्रविधिको माध्यमले वर्तमान विश्वमा बजारीकरण र सेवा, सुविधाको प्रवाहीकरण र प्राप्तिमा आएको सरलीकरणको बारेमा राम्रो ज्ञान प्रदान गरिएको छ ।

कक्षा ९

पाठ एक : माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०), २०७१ लाई आधार मानी २०७३/७४ मा प्रकाशित कक्षा ९ को पाठ्यपुस्तकमा पनि मूलपाठको रूपमा सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीको समाविष्टता शून्य छ । यसमा पनि अनुच्छेदको रूपमा सूचना, सञ्चार र प्रविधिको झल्कोसम्म दिने केही अनुच्छेदहरू समाविष्ट छन् । तिनको बारेमा यहाँ सङ्क्षिप्तमा चर्चा गरिएको छ ।

यही किताबको पृष्ठ ४९ मा मोबाइल सम्बन्धी विषयवस्तुले स्थान पाएको छ । यसमा युवादेखि केटाकेटी सबैलाई मोबाइल मनोरञ्जनको साधन बनेको, साथीभाइसँग कुराकानी गर्न र आपसी सम्पर्क बढाउन (पृ. ४९), इन्टरनेटबाट नयाँ कुरा सिकेर पढ्न र रोमाञ्चक खेल खेल्न यसले सहयोग गरेको, जीवनको एक अभिन्न अङ्ग (पृ. ४९) बनेको, विद्यार्थीलाई मोबाइल चलाउन दिनु नहुने र मोबाइलको प्रयोगबाट सिकाइमा ठुलो टेवा (पृ. ४९) पुग्ने दुईथरी धारणा प्रस्तुत गर्दै मोबाइलकै प्रयोगबाट विश्वका विभिन्न जानकारी प्राप्त गरेर विद्यार्थीहरूले आफूलाई अब्बल दर्जाको (पृ. ४९) प्रमाणित गरेको प्रसङ्ग अनि निष्कर्षको रूपमा मोबाइलको सदुपयोग गरे विद्यार्थीको असल साथी बन्ने र दुरुपयोग गरेमा (पृ. ४९) मोबाइल सबैभन्दा खराब साधन बन्ने विद्वानहरूको अभिमत दिइएको छ ।

पाठ दुई : कक्षा ९ को नेपाली किताबमा 'सूचना विस्तार र आजको विश्व' शीर्षकमा निबन्ध लेख्न÷लेखाउन आवश्यक बुँदाहरू दिइएका छन् । ती बुँदाहरू प्रयोग गरेर तयार पारिने निबन्धको विश्लेषण यस्तो आउँछ :

पाठको प्रारम्भमा मान्छेले सूचना र सञ्चारको कार्य परेवा, काग, ढकुर जस्ता जनावरहरूको प्रयोगबाट सञ्चालन गर्थे भन्ने कुराको सङ्केत गरिएको छ । त्यसपछि चिठी पत्र सूचना र सञ्चारको माध्ययम बनेको प्रसङ्ग आएको छ । विज्ञान र प्रविधिको पछिल्लो उपहार रेडियो, टि. भि. हुँदै ताररहित टि. भि., फ्याक्स, कम्प्युटर एवम् इन्टरनेटको विकासले विशाल संसार खुम्चिएर विश्वग्राम बनेको र अन्तरिक्षमा मानिसको पहुँच (पृ. ८७) विस्तार भएको वा अन्तरिक्षको यात्री बनेको तथ्य पाठमा आएको छ । सामाजिक सञ्जाल (पृ. ८७) को विकासले मानिसहरूलाई ज्यादै निकट बनाएको, छपाइ र मुद्रणको नवीन प्रविधिले सूचना र सञ्चारको क्षेत्रमा गरेको अकल्पनीय विकासले संसारभरको मान्छेलाई नजिक ल्याई विचार, भावना आदानप्रदान गर्न, संसारका घट्नाहरूको बारेमा तत्कालै प्रतिक्रिया व्यक्त गर्न (पृ. ८७) एवम् संसारका प्रख्यात कृतिहरू घरमै बसेर आरामसँग पढ्न सकिने सुविधा उपलब्ध गराएको सन्दर्भ आएको छ । प्रविधिका यी उपहारहरू मानवले सचेततापूर्वक उपयोग गरेको खण्डमा बरदान सावित हुने र दुरुपयोग गरे विश्व मानवका लागि अभिषाप बन्न सक्नेतर्फ पनि पाठले औल्याएको छ ।

पाठ तीन : कक्षा ९ को किताबमा पनि सूचना र सञ्चार सम्बद्ध भन्न सकिने एउटा अनुच्छेद दिइएको छ । नेपाली समाजमा भर्खरै नयाँपनको सङ्केत देखापर्न थालेका (पृ. १०५) त्यसमा राजनैतिक परिवर्तन वा सामाजिक रुपान्तरणमा २०४६ सालपछि सञ्चारको क्षेत्रमा व्यापक विकास भएको (पृ. १०५) र सञ्चारको दृष्टिले नेपाल एउटा गाउँको रूपमा विकसित भएको, विश्वको एउटा अङ्ग बनेको, विश्वमा विकसित ज्ञान विज्ञानका हरेक आयामहरूसँग नेपालीको परिचय मात्र नभएर घनिष्टता पनि बढेको र अनेकन विभेदमा परेका जन समुदाय पनि (पृ. १०५) सञ्चारकै कारणले टाठाबाठा बनेको साथै नेपालीहरू पर्याप्त मात्रामा व्यक्तिवादी (पृ. १०५) र स्वार्थी बनिसकेको कुरा पाठमा आएको छ ।

पाठ चार: कक्षा ९ को नेपाली किताबको पृष्ठ १२५ मा पनि सूचना र प्रविधि सम्बद्ध भन्न सकिने एउटा अनुच्छेद दिइएको छ ।

पाठ अनुसार अहिलेको युग सूचना र प्रविधिको युग हो (पृ. १२५) । यस युगमा कम्प्युटर प्रविधि खास गरेर इन्टरनेटमा पहुँच नहुनेहरू धेरै पछि पर्छन् (पृ. १२५) । साथै प्रविधिको सदुपयोग कसरी गर्ने ? इन्टरनेटको उपयोगिता के हो (पृ. १२५) ? भन्ने बुझेर इन्टरनेटलाई पढाइकै अभिन्न अङ्ग बनाएको अनि पुस्तकालय गएर नयाँ पुस्तक (पृ. १२५) पढेर संसार चिनेको सन्दर्भ पाठमा आएको छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम २०७६ लाई आधार मानी २०७९ मा प्रकाशित कक्षा ९ को पाठ्यपुस्तकमा सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीहरुको समाविष्टताको अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

पाठ एक : कक्षा ९ को निवेदन पाठको अभ्यास खण्डमा 'कुनै सूचना वा सन्देश पठाउँदा म्यासेन्जर र टेलिफोनको शैलीमा (पृ. ४३) भिन्नता रहने, म्यासेन्जरमा दोहोरो श्रव्यदृश्य र लेख्य आदिका माध्यमबाट सूचना वा सन्देश प्रवाह हुने तर टेलिफोनमा कथ्यश्रव्यको माध्यमबाट मात्र सूचना आदानप्रदान हुने सन्दर्भ पाठमा आएको छ ।

पाठ दुई : कक्षा ९ को पाठ्यपुस्तक माइकल फेराडेको जीवनी समाविष्ट छ । यो पाठपूर्ण रूपमा सूचना, सञ्चार र प्रविधि सम्बद्ध नभए पनि माइकल फेराडेले आविष्कार गरेका डायनामो, इलेक्ट्रिक जेनेरेटर, मिक्स्चर, पानी तान्ने मोटर आदि विज्ञान र प्रविधि सम्बद्ध कार्यहरू हुन् । यस प्रकारको पाठले वैज्ञानिक आविष्कारको क्षेत्रतर्फ विद्यार्थीहरुलाई आकर्षित गर्ने हुँदा यसको समावेशिताको बारेमा यहाँ प्रकाश पारिएको छ ।

पाठ तीन : कक्षा ९ को पाठ्यपुस्तकमा आमाको तस्बिर पाठको अभ्यास खण्डमा दिइएको अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर दिने क्रियाकलाप अन्तर्गत एउटा अनुच्छेद दिइएको छ । मोबाइल र कम्प्युटरलाई इन्टरनेटको माध्यमबाट समुदायमा आधारित सामग्री आदानप्रदान गर्ने एक प्रकारको सञ्चार माध्यमको सामाजिक सञ्जाल (पृ. १६३) को रूपमा परिचित गराइएको, यसको माध्यमबाट आफूलाई प्राप्त सूचना, फोटो, भिडियो लगायतका सामग्रीहरु आफन्त तथा साथीहरुलाई आदानप्रदान गरिने, ग्रामीण भागसम्म इन्टरनेटको विस्तारले सामाजिक सञ्जालको दायरा बढेको, बालक, युवा, ज्येष्ठ नागरिक सबैको चासो र रुचि यसप्रति बढेको, सूचना र समाचारको लागि यिनै प्रविधिको प्रयोग बढेको सन्दर्भ पाठमा आएको छ । छोटो स्वरूपमा आएका यस प्रकारको सामग्रीले पनि सूचना, सञ्चार र प्रविधिको समावेशिताको स्थिति मजबुत बनाउन मद्दत गरेको छ ।

**निष्कर्ष**

प्रस्तुत लेखमा माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) २०७१ र माध्यमिक शिक्षा पाठ्यक्रम २०७६ लाई मूल आधार मानेर २०७३/७४ एवम् २०७९/८० मा प्रकाशित कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा मानवाधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध पाठ्यसामग्रीको समावेशी पक्षको अध्ययन गर्ने कार्य गरिएको छ । देशका सबै नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन गरी समानता र न्यायपूर्ण समाजको विकास गर्ने सरकारी नीति र योजना रहेको र शिक्षा मानव अधिकारमा आधारित हुने र राष्ट्रको सर्वाङ्गीण विकासको लागि सूचना तथा सञ्चार क्षेत्रको विकास र विस्तार अपरिहार्य भएको र सूचना प्रविधिको द्रुततत्तर विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक, सामाजिक क्षेत्रको दीगो विकास गर्ने अवसरहरू प्रदान गरेको कुरा सरकारी नीति र योजनाले उल्लेख गरेको र माध्यमिक शिक्षा पाठ्यक्रमहरूले पनि सूचना, सञ्चार प्रविधिमा आधारित शिक्षा हुनुपर्ने उल्लेख गरेको हुँदा ती सम्बद्ध विषयवस्तुको समावेशिताको स्थिति विवेच्य पाठ्यपुस्तकमा के कस्तो छ ? भन्ने दृष्टिले अध्ययन गर्ने कार्य गरिएको छ । अध्ययनले देखाएअनुसार २०७३/७४ का कक्षा ९ र १० का पाठ्यपुस्तक मानवाधिकार सम्बद्ध विषयवस्तुको समावेशिताको दृष्टिले ज्यादै कमजोर रहेको छ । त्यस्तै २०७९/८० को कक्षा ९ को पाठ्यपुस्तक पनि मानवाधिकार सम्बन्धी विषयवस्तुको समावेशिताको दृष्टिले २०७३/७४ को जस्तै कमजोर रहेको छ भने कक्षा १० को पाठ्यपुस्तक चाहिँ यस दृष्टिले निकै समावेशी रहेको छ । कक्षा १० मा समाष्टि अधिकार ठुलो कि कर्तव्य ठुलो ? शीर्षकको पाठले मानवाधिकार सम्बन्धी विषयवस्तुको उठानलाई राम्रै सम्बोधन गरेको छ तर यो बाहेक एउटा अनुच्छेदले पनि स्थान पाएको छैन ।

सूचना, सञ्चार र प्रविधि सम्बद्ध सामग्रीको समावेशिताको दृष्टिले २०७३/७४ को कक्षा १० को पाठ्यपुस्तक ज्यादै कमजोर छ भने कक्षा १० को पाठ्यपुस्तकमा सूचना, सञ्चार र प्रविधि सम्बद्ध भन्न मिल्ने ४/५ वटा अनुच्छेदहरु समाविष्ट रहेकोले कमजोर स्थितिको भन्न सकिन्न । त्यस्तै २०७९/८० को कक्षा १० को पाठ्यपुस्तकमा सूचना, सञ्चार र प्रविधि सम्बद्ध 'मेरो देशको शिक्षा' मूल पाठका साथै अन्य तीनवटा अनुच्छेद समाविष्ट छन् । शिक्षालाई युगानुकूल बनाउनु पर्ने, त्यसको लागि आधुनिक सूचना, सञ्चार र प्रविधिसँग जोड्नुपर्ने, इन्टरनेट मार्फत् व्यापार, व्यवसाय गर्न सकिने, इमेलको परिचय, प्रयोग र त्यसका फाइदाहरु सम्बद्ध पाठ र अनुच्छेदहरुले सूचना, सञ्चार र प्रविधि सम्बद्ध विषयवस्तुले राम्रै स्थान पाएको भेटिन्छ । कक्षा-१० को जत्तिनै नभए पनि कक्षा ९ को पाठ्यपुस्तकमा पनि सूचना, सञ्चार र प्रविधि सम्बद्ध तीनवटा अनुच्छेदको समाविष्टता रहेको छ, जसले विवेच्य पक्ष सम्बद्ध विषयको समावेशिता सन्तोषजनक देखाउँछ ।

समग्रमा भन्ने हो भने २०७३/७४ को कक्षा ९ र १० का पाठ्यपुस्तक मानवाधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध विषयवस्तुको समाविष्टताको दृष्टिले निकै कमजोर रहेको छ भने २०७९/८० का पाठ्यपुस्तक मानवाधिकार एवम् सूचना, सञ्चार र प्रविधि सम्बद्ध विषयवस्तुको समावेशिताको दृष्टिले तुलनात्मक रूपमा निकै सन्तुलित रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

**सन्दर्भसामग्री**

नेपाल सरकार (२०५५), *नेपाली शिक्षा पाठ्यक्रम,*पाविके ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,*२०६३, कानुन तथा न्याय मन्त्रालय ।

नेपाल सरकार (२०६३), *माध्यमिक शिक्षा पाठ्यक्रम प्रारूप*, २०६३, पाविके ।

नेपाल सरकार (२०६७), *माध्यमिक तह (कक्षा ९ र १०) का नेपाली भाषाका पाठ्यक्रम र पाठ्यपुस्तकको समावेशी पक्षको अध्ययन,* पाविके ।

नेपाल सरकार (२०६८), *त्रिवर्षीय योजना, (२०६७/०६८–२०६९/०७०),*योजना आयोग ।

नेपाल सरकार (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम,*२०७१ (कक्षा ९ र १०), पाविके ।

नेपाल सरकार (२०७३), *नेपाली, कक्षा–९,*पाविके ।

नेपाल सरकार (२०७४), *नेपाली, कक्षा–१०*, पाविके ।

नेपाल सरकार (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६*, पाविके

नेपाल सरकार (२०७९), *नेपाली, कक्षा–९*, पाविके ।

नेपाल सरकार (२०८०), *नेपाली, कक्षा–१०,*पाविके ।

पाविके (२०३८), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०३८ (भाग १ र २),*पाविके ।

राई, राम कुमार (२०७९), *कक्षा ९ र १० का नेपाली भाषाका पाठ्यपुस्तकमा समावेशिता,*[अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९,*राष्ट्रिय शिक्षा आयोग ।

राशिपयो (२०२८–३२), *राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८–३२*, शिक्षा मन्त्रालय ।

लुइटेल, प्रकाश (२०७१/७२), *नेपालको बृहत्तर शैक्षिक इतिहास,* परीक्षा सामग्री केन्द्र ।

शर्मा, भोजराज (सम्यो.) (२०६०), *नेपालको विद्यालय तहको पाठ्यक्रमको ऐतिहासिक विकासक्रम अध्ययन प्रतिवेदन,*पाविके ।

सराशिप्र (२०१८), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८,* शिक्षा मन्त्रालय ।